
विभिन्न माग राख्दै ती विद्यार्थी संगठनले बुधबार २० देखि २२ गतेसम्म आम हड्ताल आह्वान गरेका थिए। शिक्षा मन्त्रालयमा सोमबार राति अबेरसम्म भएको वार्तामा सरकारले माग पूरा गर्ने सहमति जनाएपछि आम हड्ताल फिर्ता भएको हो।



# नेपाल

# गंगामायाको मागलाई जनस्तरमा लैजानुपर्छ : पौडेल

नेपाल समाचारपत्र

काठमाडौं



नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले छोराको हत्यामा संलग्नमाथि कारबाहीको माग गर्दै वीर अस्पतालमा आमरण अनशनरत गोरखा फुजेलकी गंगामाया अधिकारीको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिनुभएको छ।

गत जेठ १५ देखि छोराको हत्यामा संलग्नमाथि कारबाहीको माग गर्दै आमरण अनशनमा बसेकी गंगामायाको स्वास्थ्य अवस्था ३६औं दिनमा आइपुग्दा थप बिग्रिएको हो। मंगलबार बिहान स्वास्थ्य अवस्था बुझ्नका लागि अस्पताल पुग्नुभएका वरिष्ठ नेता पौडेलसँग उपचारमा संलग्न स्वाथ्यकर्मीले गंगामायाको स्वास्थ्य अवस्था जटिल बन्दै गएको जानकारी दिएका थिए।

पौडेललाई उपचारमा संलग्न स्वास्थ्यकर्मीले अनशन बसेको ३६औं दिन भइसकेको पछिल्लो २ दिनयता स्वास्थ्य पहिलेभन्दा जटिल भएर गएको बताएका थिए। शरीर सुन्निदा हातको नशा नभेटिएका कारण गंगामायालाई घाँटीको नशाबाट स्लाइन दिइएको पनि अस्पतालले जनाएको छ।

अदालतको फैसला कार्यान्वयन गरेर छोराका हत्यारालाई कारबाही गराउन आमरण अनशनमा बस्दा पनि सरकारले कुनै वास्ता नगर्नु विडम्बना भएको कांग्रेस नेता वरिष्ठ नेता पौडेलको भनाइ थियो। उहाँले युद्धकालमा भएको घटना र व्यक्तिगत रिसइबीलाई छानबिन गर्न नसक्दा रातो झन्डा ओढेर सबै अपराध माफ हुने हराजकता बढेको बताउनुभयो। उहाँले अपराधीले माओवादीसँग टाँसिएर आफ्नो अपराध माफ पाउने अवस्थाले समाजमा मानवीयता गुमाउँदै गएको टिप्पणी गर्नुभयो। वरिष्ठ नेता पौडेलले भन्नुभयो- 'रातो झन्डा ओढेपछि सबै खत माफ हुने प्रचलनको अन्त्य हुनुपर्छ। छोराको हत्यालाई कारबाहीका लागि अनसन बस्नुपर्ने अवस्था आउनु विडम्बना हो। गंगामायाको मागलाई अब सरकारले नसुने जनस्तरमा लैजानुपर्छ।'

वरिष्ठ नेता पौडेलले विधिको शासन नै लोकतन्त्रको मेरुदण्ड भएको भन्दै विधिको शासन तोड्ने र स्वतन्त्र न्यायपालिकाको फैसलालाई अपमान गर्ने जुन परम्परा स्थापित हुन थालेको र यो अत्यन्तै दुःखद् र निरंकुशतावादी मनोवृतितिर शासन सत्ता अगाडि बढेको देखिन थालेको बताउनुभयो। २०७२ पुष ५ ग ते सर्वोच्च अदालतले दिएको आदेश कार्यान्वयन गरेर कानुनी शासन लागू हुनुपर्ने माग गर्दै गंगामाया गत जेठ १५ गते वीर अस्पतालको पहिलो तलाको क्याबिन नम्बर ७ मा आमरण अनशनमा बसेकी थिइन्।

अनशन शुरू गर्दा उनले छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न भनिएका छविलाल पौडेल, जानुका पौडेल, भीमसेन पौडेल र रामप्रसाद अधिकारीलाई जेल सजायको माग राखेर आमरण अनसन शुरू गरेको बताएकी थिइन्। अधिकारी दम्पत्तिका कान्छा छोरा कृष्णप्रसाद अधिकारीलाई २०६१ साल जेठ २४ गते माओवादी कार्यकर्ताले अपहरणपछि हत्या गरेका थिए। छोराका हत्यारालाई कारबाहीको माग राखेर अनशनमा बसेका उनका श्रीमान् नन्दप्रसाद अधिकारीको ३ सय ३४औं दिनमा २०७१ असोज ६ गते निधन भएको थियो।

## गंगामायाको अवस्था गम्भीर

काठमाडौं, (नेस)

१ महिनादेखि आमरण अनसनरत सत्याग्रही गंगामाया अधिकारीको खस्किँदो स्वास्थ्य अवस्थाप्रति मानवअधिकार तथा शान्ति समाजले चिन्ता जनाएको छ।

शान्ति समाजका सभापति डा. गंगाधर अधिकारीको नेतृत्वमा महासचिव उत्तम पुडासैनी, काठमाडौं जिल्ला सभापति रामकृष्ण बराल, विभागीय संयोजक बाबुराम न्यौपाने तथा शान्ति समाजका सदस्य सूर्य केसी सम्मिलित प्रतिनिधिमण्डलले अपराहन गंगामाया अधिकारीको स्वास्थ्य अवस्था बुझ्न वीर अस्पताल पुग्दा उहाँको स्वास्थ्य अवस्था गम्भीर हुँदै गइरहेकाले उहाँसँगको भेटघाटमा बन्देज लगाइएको जानकारी दिइएको थियो।

१३ वर्षअघि भएको छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्नलाई कारबाहीको माग गर्दै १ महिनादेखि आमरण अनसनमा बस्नुभएकी सत्याग्रही अधिकारीको स्वास्थ्यस्थिति गम्भीर बन्दै गएकोप्रति शान्ति समाजको ध्यानाकर्षण भएको जनाएको छ।

सत्याग्रही गंगामाया अधिकारीको खस्कँदो स्वास्थ्य अवस्थाप्रति गम्भीर बन्दै उनको जीवन रक्षाका लागि सम्वेदनशील बन्न मानवअधिकार तथा शान्ति समाज सरकारसँग माग गरेको छ।

## सट्टेबाजी गर्ने पक्राउ

काठमाडौं, (नेस)

हाल भइरहेको विश्व कप फुटवल प्रतियोगितामा विभिन्न फुटबल टिमको हारजितमा विभिन्न व्यक्तिसँग नगद लाभ लिने दिने गरी अवैधरूपमा सट्टाबाजी खेल खेलाउने कार्यमा संलग्न ३ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-१६ म्हैपी बालाजु बस्ने प्रकट महर्जन, काठमाडौं महानगरपालिका-२० रामघाट बस्ने रेजिन महर्जन र काठमाडौं महानगरपालिका-१५ चागल बस्ने सुजेन शाही रहेका छन्।

उनीहरूलाई प्रहरीले काठमाडौं महानगरपालिका-१५ बज्रहोटल नजिकबाट नगद ६ लाख ९९ हजार रुपियाँ र उनीहरूले प्रयोग गर्दै आएको मोबाइल ४ थानसहित पक्राउ गरेको हो।

## बाढी प्रभावित क्षेत्रमा परिचालित हुन आग्रह

काठमाडौं, (नेस)

नेपाली कांग्रेसले बाढी पहिरो प्रभावित नागरिकको जीवन रक्षाका लागि उद्धार र राहतको कार्य प्रभावकारी ढंगले सञ्चालन गर्न सरकारलाई आग्रह गर्दै बाढी पहिरो प्रभावित जिल्लामा पार्टी, भ्रातृ एवं शुभेच्छुक संस्थाका साथीलाई परिचालन गरी उद्धार, राहतको कार्यक्रममा परिचालन हुन निर्देशन दिएको छ।

केही दिनदेखिको परेको अविरल वर्षापछि आएको बाढी, पहिरो र डुबानको कारणले देशका विभिन्न जिल्लामा ठूलो धनजनको क्षति भएको र जनजीवन अस्तव्यस्त भएको छ।

बाढी पहिरोबाट कैलाली, बाँके, सिन्धुली, रोल्पा, चितवन, पर्सा, महोत्तरी, सुनसरीलगायतका जिल्लामा डेढ दर्जनभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको तथा ठूलो संख्यामा मानिस बेपत्ता र विस्थापित हुनका साथै कैयौं व्यक्ति घाइते भएका छन्। हजारौं हेक्टर खेतीयोग्य जमिन डुबानमा परेको छ। पहिरो र डुबानका कारण सडक यातायात अवरुद्ध भएको छ।

प्राकृतिक विपद्को यस संवेदनशील घडीमा प्रभावित नागरिकको जीवन रक्षा, उद्धार र राहतको कार्यलाई प्रभावकारीरूपमा तत्काल सञ्चालन गर्न तथा पीडितका परिवारलाई तत्काल अति आवश्यक सामग्री, खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडा, औषधि र अस्थायी बसोबासको यथाशीघ्र उचित प्रबन्धका लागि सरकारसँग नेपाली कांग्रेसले आग्रह गरेको छ। प्रमुख प्रतिपक्ष दलसमेत रहेको नेपाली कांग्रेसले भनेको छ- 'बाढी, पहिरो र डुबानका कारण क्षति भएका सडक, विद्यालय, पुलपुलेसालगायत भौतिक पूर्वाधारको यथाशीघ्र पुनर्निर्माणका लागिसमेत सरकारसँग आग्रह गर्दछ।'

बाढी पहिरो प्रभावित सम्बन्धित जिल्लाका नेपाली कांग्रेस तथा भ्रातृ एवं शुभेच्छुक संस्थाका सबै निकायले पार्टी, भ्रातृ एवं शुभेच्छुक संस्थाका साथीलाई परिचालन गरी उद्धार, राहत र उचित बसोबासको व्यवस्था मिलाउन सहयोग पुऱ्याउँदै पहिरो एवं डुबानमा पर्न सक्ने थप जोखिम क्षेत्रको पहिचान गरी उक्त क्षेत्रबाट अन्य सुरक्षित स्थानमा मानिसलाई स्थानान्तरण गराउने कार्यमा जुट्नका लागि नेपाली कांग्रेसले निर्देशन दिएको छ।

## अपांगता भएकालाई सहयोगी सामग्री वितरण

नेपाल समाचारपत्र

काठमाडौं




अपांगता भएका व्यक्तिलाई मोरङको पथरी शनिश्चरे नगरपालिकामा सहयोगी सामाग्री वितरण गरिएको छ।

जुना अखडा नेपालको आयोजना र महावीर सेवा सदन कलकत्ता भारतको सहयोगमा मोरङको पथरी शनिश्चरे नगरपालिकामा खुट्टा कमजोर भएकाको सहयोगको लागि ह्वीलचेयर र हातको समस्या भएकालाई सहयोगको लागि हात वितरण गरिएको कार्यक्रममा सहभागी रुक्मिणी सेढाइले बताउनुभयो। 'हात खुट्टा नभएर असहज जीवन बिताइरेहकालाई जीवन सहज बनाउन सामग्री वितरण गरिएको हो', सेढाइले भन्नुभयो- 'आयोजक र सहयोगी संस्थाले गरिब, दुःखी, बेसहारा, एकल महिला र समाजका अन्य क्षेत्रमा सहयोग गर्दै आएको छ।'

आयोजक संस्थाकी अध्यक्ष महामण्डलेश्वर हेमानन्द गिरीले यसअघि पनि नेपाल र भारतका विभिन्न ठाउँमा सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोगको मात्रा बढाउने जनाउनुभयो।

सहयोगी संस्था महावीर सेवा सदन कलकत्ताका अध्यक्ष विनोद पगौडियाको प्रमुख आतिथ्यतामा सो सामाग्री वितरण गरिएको हो। कार्यक्रममा बोल्दै पगौडियाले नेपालका हरेक क्षेत्रमा सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ। मोरङको पथरीमा जन्मनुभएकी महामण्डलेश्वर हेमानन्द गिरीले नेपालमा सडक, खानेपानी, विद्युत्, विद्यालय, अनाथ आश्रम तथा बालबालिका केन्द्रमा सहयोग गर्दै आउनुभएको छ।

## विद्यार्थी संगठनको शैक्षिक हड्ताल फिर्ता

काठमाडौं, (नेस)

विप्लव निकट अखिल क्रान्तिकारीसहित ८ विद्यार्थी संगठनले आह्वान गरेको ३ दिने आम शैक्षिक हड्ताल फिर्ता भएको छ। विभिन्न माग राख्दै ती विद्यार्थी संगठनले बुधबार २० देखि २२ गतेसम्म आम हड्ताल आह्वान गरेका थिए। शिक्षा मन्त्रालयमा सोमबार राति अबेरसम्म भएको वार्तामा सरकारले माग पूरा गर्ने सहमति जनाएपछि आम हड्ताल फिर्ता भएको हो।

निजी विद्यालयको संगठन प्याब्सन र एन प्याब्सनले बन्दको अवज्ञा गर्ने र सडकमा पठनपाठन गराउने चतावनी दिएपछि सरकारले आन्दोलनरत विद्यार्थी संगठनसँग वार्ता गरेको थियो। जिल्ला प्रशासन कार्यालय काठमाडौंले पहिलो पटक विज्ञप्ति जारी गर्दै बन्दमा विद्यालय सञ्चालन गर्न आग्रह गरेको थियो। लगत्तै भएको बैठकमा निजी विद्यालय सञ्चालकले बढाएको शुल्क १ महिनाभित्र फिर्ता गर्ने लिखित सहमति गरेका छन्। सहमतिसँगै विद्यार्थी संगठनले तत्काल आन्दोलनका कार्यक्रम फिर्ता लिएको जनाएको थियो।

आन्दोलनरत ८ विद्यार्थी संगठनका प्रतिनिधि र शिक्षा मन्त्रालयका सहसचिव सूर्यप्रसाद गौतम र विभागका महानिर्देशक बाबुराम पौडेलसहितको उपस्थितिमा भएको वार्तामा प्याब्सनका कार्यबाहक अध्यक्ष डिके ढुंगाना र एन प्याब्सनका अध्यक्ष ऋतुराज सापकोटाले हस्ताक्षर गर्नुभएको थियो। विद्यालय सञ्चालकले संस्थागत विद्यालय शुल्क मापदण्ड निर्देशिका-२०७२ लाई कार्यान्वयन गर्दै अनियमित र औचित्य पुष्टि नहुने गरी बढाइएको शुल्क १ महिनाभित्र फिर्ता समायोजन गर्ने लिखित सहमति गरेका थिए।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय

**डिभिजन सडक कार्यालय भरतपुर, चितवन**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

सुचना प्रकाशित मिति : २०७५।०३।२०

यस डिभिजन सडक कार्यालयबाट मिति २०७५।०२।०६ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. १५।०७४।७५ बमोजिम तपसिलका ठेक्काहरुमा पेश हुन आएका सिलबन्दी बोलपत्रहरुको मुल्याङ्कनबाट न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्विकृतीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :-**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम | कवोल अंक (भ्याट र पि.एस.सहित) |
|---|---|---|---|---|
| 1 | DROBHT/ 337157-4/ 074/75-59 | Construction of Simply Supported, 35m Span, Cast-in-Situ, Prestressed Concrete Bridge over Mahesh Khola, Thakre- kebalpur, Dhading | M.R./DIVYA JYOTI/ROJAN J.V | 4,16,86,593.35 |

**डिभिजन प्रमुख**

सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पैसा प्राप्ति, परिवारमा मिष्ठान्न भोजनको अवसर मिल्ला।
**वृष** : गरेको काम सफल, स्वास्थ्य तन्दुरुस्त, रोमान्टिक यात्रा।
**मिथुन** : राज्यका तर्फबाट डर, मान-प्रतिष्ठामा कमी।
**कर्कट** : सामान्य रोगले समाउला, बढी खर्च, काममा बाधा।
**सिंह** : धन प्राप्ति, अधुरा काम पूरा हुने, मान-सम्मान पाइनेछ।
**कन्या** : केही रकम प्राप्ति, प्रतिस्पर्धीमाथि विजय, सुख-शान्ति हुने।
**तुला** : काममा बढी मेहनत, वाथजन्य रोगको सम्भावना, अधिक खर्च।
**वृश्चिक** : झाडा-पखाला, विवादमा फसिएला, विनाउपलब्धिको परिश्रम।
**धनु** : आर्थिक लाभ, मान-सम्मान, पढाइ-लेखाइमा सफलता, लाभ।
**मकर** : धन र समयको नोक्सानी, चिन्ता, सामान्य टाउको दुख्न सक्छ।
**कुम्भ** : मिष्ठान्न भोजन, खाद्यपदार्थ-उपहार प्राप्तिको सम्भावना।
**मीन** : आर्थिक नोक्सानी, अस्वस्थता, इष्टमित्रसाग विवाद।